# महिला विरुद्धको हिंसा र महिलाको कानूनी अधिकार सम्बन्धी केही जानकारी पुस्तिका



# विषयसूची


१. महिलाको सम्पत्ति सम्बन्धी अधिकार .................... ३

२. क) बालविवाह .................... ९

ख) ढाँटी विवाह .................... ११

ग) बहुविवाह .................... १३

३. घरेलु हिंसा र यस सम्बन्धी कानूनी व्यवस्था .................... १६

४. दाईजो तिलक सम्बन्धी हिंसा .................... २७

५. कुटपिट .................... २९

६. सम्बन्ध विच्छेद .................... ३३

७. जवरजस्ती करणी (बलात्कार) .................... ३८

८. यौनजन्य दुर्व्यवहार .................... ४६

९. गाली वेइज्जती .................... ४८

१०. बोक्सी .................... ४९



# महिलाको सम्पत्ति सम्बन्धी अधिकार

**सम्पत्ति भनेको के हो ?**

कुनै पनि व्यक्तिसँग भएका घर, जग्गा, (अचल सम्पत्ति) रुपैयाँ, पैसा, गहना, गाईवस्तु वा पशुपंक्षी (चल सम्पत्ति) आदिलाई सम्पत्ति भनिन्छ ।

**सम्पत्ति कति प्रकारका हुन्छन् ?**

क) चल सम्पत्ति

सजिलै एक ठाउँबाट अर्को ठाउँमा लान, चलन चलाउँन, लेनदेन गर्न सकिने सम्पत्ति लाई चल सम्पत्ति भनिन्छ । जस्तै : रुपैयाँ पैसा, गर गहना, पशुपंक्षी आदि ।

ख) अचल सम्पत्ति

भौतिक स्वरुप परिवर्तन नगरी जस्ताको तस्तै एक ठाउँबाट

अर्को ठाउँमा लान नसकिने, लिनु दिनु वा स्वामीत्व हस्तान्तरण गर्नु परेमा कानुनी प्रावधान पूरा गर्नुपर्ने सम्पत्तिलाई अचल सम्पत्ति भनीन्छ । जस्तै जग्गा, जमिन, घर आदि पर्दछ ।

**महिलालाई कहिलेदेखि सम्पत्तिमा अधिकार प्राप्त हुन्छ ?**

छोरीलाई जन्मैदेखि पैत्रीक सम्पत्तिमा अंश हक अधिकार प्राप्त हुन्छ । महिलाको विवाह हुने बित्तिकै देखी निजको श्रीमानबाट अशं हक हुन्छ । यो अधिकार महिलालाई मुलुकी ऐनको एघारौं संशोधनले प्रदान गरेको हो । साथै नेपालको संविधान २०७२ ले पनि सम्पत्तिमा समान अधिकार प्रदान गरेको छ ।

**महिलाको सम्पत्तिका प्रकारहरु :**

(१) स्त्रीधन

(२) स्त्री अंशधन

**(१) स्त्रीधन**

**स्त्रीधन भनेको के हो ?**

महिलाले आफ्नो स्वइच्छाले स्वतन्त्रपूर्वक आफूखुस गर्न पाउने धन सम्पतिलाई स्त्रीधन भनिन्छ । जुन सम्पति आफ्नो इच्छा अनुसार भोग चलन गर्न, बेचबिखन गर्न, दान बकस गर्न वा इच्छापत्र बनाउन वा कसैलाई वहालमा दिन सक्दछिन्, कसैको मन्जुरी लिइराख्नु पर्दैन । यस्तो स्त्रीको स्वामित्व रहेको धन नै स्त्रीधन हो । स्त्रीधन अन्तर्गत महिलाको विवाह अघी प्राप्त सम्पत्ति, आफैले कमाएको स्वआर्जनको सम्पति, दाइजो, पेवा, दानवकस, अपुतालीबाट प्राप्त सम्पत्तिहरु पर्दछन् ।

**स्वआर्जन के हो ?**

आफ्नो विद्या, बुद्धि, विवेक, ज्ञान, सीप र मेहनतले आर्जेका सम्पत्तिलाई स्वआर्जन भनिन्छ । जस्तै : ज्याला, परिश्रम, आफ्नो वौद्धिक क्षमता प्रयोग गरी कमाएको वा रोयल्टी बाट प्राप्त सम्पत्ति आदि ।

**दाइजो के हो ?**

विवाह अघि, विवाह पछि वा विवाहको समयमा आमाबाबु वा माइतीपट्टिका नातागोताले दिएको सम्पत्ति र त्यसबाट बढे-बढाएको सम्पत्तिलाई दाइजो भनिन्छ । यसरी दाइजो दिंदा-लिंदा दुवै पक्षले सम्पूर्ण सर-सामानहरुको कागज गरी साक्षी समेत राखी लिनु-दिनु पर्दछ । जसबाट पछि कुनै पनि प्रकारले सम्पत्ति सम्बन्धी विवाद उठेमा दाइजोको सम्पत्ति कानुनी रुपबाट प्रमाणित गर्न सजिलो हुन्छ ।

**पेवा के हो ?**

विवाहको समयमा वा विवाहपछि महिलालाई श्रीमान् पट्टिका नातेदार वा ईष्टमित्रले दिएको चल-अचल सम्पत्ति र त्यसबाट बढे-बढाएको सम्पत्ति महिलाको पेवा सम्पत्ति हो ।

**दाईजो पेवा सम्पत्तिमा कस्को हक हुने ?**

महिलाले आफ्नो दाईजो आफुखुस गर्न पाउँछिन । यस्तो दाइजो पेवा सम्पत्ति महिला मरेपछि यसले खानु भनी लिखत गरिदिएको रहेछ भने सो लिखतै अनुसार हुन्छ, लिखत नभएमा अपुतालीको महल बमोजिम हुनेछ । जस्तै सगोलको पति वा पत्नि, सो नभए सगोलको छोराछोरी,

विधवा वुहारी, त्यो नभए सगोलका बुबा आमा,सौतेनी आमा, छोरा छोरी तर्फका नाती नातिनी, नातिनी बुहारी,सो पनि नभए भिन्न भएका पति, छोरा छोरी,बुबा आमा,सौतेनी आमा, विवाहिता छोरी सो नभए सगोलका बाबुतर्फका बाजे, बज्यै, दाजु, भाइ, दिदी, बहिनी सो नभए सगोलका काका, काकी, भतिजा,भतिजी सो नभए भिन्न भएका छोरातर्फका नाति, नातिनी, विवाहिता छोरी तर्फका नाति,नातिनी, सो नभए सगोलका भाउजु, भाई वुहारी सो नभए भिन्न भएका दाजु, भाई तथा दिदी वहिनी सो नभए भिन्न भएका बाजे बज्यै ले अपुताली पाउने छ ।

**दान बकस के हो ?**

कसैले दान बकस गरेर दिएको सम्पत्ति महिलाले आफूखुसी प्रयोग गर्न सक्छिन् र त्यस्तो सम्पत्ति अरुलाई बकस दिन वा कसैलाई इच्छाउन सक्छिन् । यसरी इच्छाउँदा महिलाले आफ्नो सम्पत्ति छोरीलाई समेत इच्छापत्र गरेर दिन सक्छिन् ।

(२) **स्त्री अंशधन :**

**स्त्री अंशधन भनेको के हो?**

सगोलको सम्पत्ति अंशवण्डा हुँदा स्त्रीको भागमा अंश वापत पर्न आउने सम्पति स्त्री अंशधन हो । स्त्री अंशधन महिलालाई निम्न अवस्थामा प्राप्त हुन्छ ।

१. एकासगोलमा रहदाको छोरीको अवस्था,
२. विवाहीता श्रीमतीको अवस्था,
३. एकल (श्रीमानको मृत्यु पश्चात) महिलाको अवस्था र

४. सम्बन्ध विच्छेद गर्दाको अवस्था ।

**१. एकासगोलमा रहदा छोरीको अवस्था :**

पैतृक सम्पत्तिमा एकासगोलमा रहदा छोरीको जन्मसिद्ध अधिकार हुन्छ, जुन जन्मनासाथ प्राप्त हुन्छ । एकासगोलका छोरीले अंश वापत पाएको चल, अचल सबै सम्पत्ति भोगचलन, बेचविखन आफू खुश गर्न सक्दछिन्, कोही कसैको मन्जुरी लिई राख्नु पर्दैन ।

**२. विवाहिता श्रीमती (सधवा) अवस्था :**

विवाह पश्चात् महिलालाई श्रीमान्को सम्पत्तिमाथि पूर्ण अधिकार हुन्छ । श्रीमान्ले इज्जत आमद अनुसार खान लाउन, स्वास्थ्य, शिक्षाको व्यवस्था नगरे जुनसुकै बेला श्रीमती अंश लिई भिन्न बस्न सक्छिन् । त्यसरी अंश वापत प्राप्त गरेको चल अचल सम्पत्ति भोग-चलन, बेचविखन गर्न कोही कसैको मन्जुरी लिई राख्न पर्दैन, आफूखुस गर्न सक्दछिन् ।

**३. एकल(श्रीमानको मृत्यु पश्चात) महिलाको अवस्था :**

श्रीमानको मृत्यु पश्चात महिलाले चाहेमा जहिलेसुकै पनि आफ्नो अंश लिई भिन्न बस्न सक्छिन् । त्यस्तो अंश वापत प्राप्त गरेको सम्पत्ति महिलाले जुनसुकै प्रकृयाले भोग चलन गर्न, बेचविखन गर्न, दान, दातव्य गरी दिन कोही कसैको मन्जुरी लिईराख्नु पर्दैन, आफ्नो खुस गर्न सक्छिन् ।

**४. सम्बन्ध विच्छेदी महिलाको अवस्था :**

महिला पुरुषको सम्बन्ध विच्छेद हुने भएमा श्रीमतीले अंश

लिएर मात्रै सम्बन्ध विच्छेद हुने व्यवस्था मुलुकी ऐन एघारौं संशोधनले गरेको छ । यसरी अंश वापत प्राप्त सम्पत्ति महिलाले अर्को विवाह गरेमा आफूसँगै लान पाउँछिन्, पहिलो श्रीमान्लाई फर्काउनु पर्दैन । यस्तो चल, अचल सबै सम्पत्ति महिलाले आफूखुशी गर्न पाउँछिन् । तर त्यस्ती महिलाले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको भए पनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति वाँकी रहेमा अघिल्लो श्रीमान पट्टिका सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो श्रीमानले पाउनेछ ।

**यो पनि थाहा पाइराख्नुस् :**

- आफ्नो स्वामित्वमा रहेको सम्पत्ति कसैको माया मोह जालमा फसी वा करकाप वा डरधम्कीबाट प्रभावित भई सम्पत्तिको हक हस्तान्तरण नगरौ । एक पटक अरुलाई हक हस्तान्तरण गरी सकेपछि पुन उक्त सम्पत्ति आफनो स्वामित्वमा ल्याउन कानूनले तपाईलाई सहयोग गर्न सक्दैन ।
- सम्पत्ति माथिको अधिकारले महिलाहरुलाई आर्थिक रुपमा सबल बनाउने मात्र होइन, कुनै पनि विषयमा आफ्ना निम्ति सही निर्णय लिन सक्ने आत्मबल पनि प्रदान गर्दछ ।
- सक्षम र सबल महिलाले नै आफ्नो अधिकारको सुरक्षा गर्न सक्दछन् ।



# बालविवाह

वाल विवाह भनेको कानूनले विवाह गर्न मिल्ने भनेर तोकेको उमेर भन्दा कम उमेरमा गरिने विवाह हो । विवाह गर्दा कानूनले तोकेको उमेर अर्थात २० वर्षभन्दा कम उमेरका केटा र केटीलाई विवाह गरिदिएमा त्यसलाई बालविवाह मानिन्छ । यसलाई कानूनले अपराध मानेकोछ । विवाह गर्न कानूनले केटा र केटीको संरक्षकको मन्जुरी भए पनि नभए पनि बिस बर्ष पूरा हुनुपर्छ । कानूनले तोकेको उमेर नपुगेसम्म विवाह गर्न गराउन हुँदैन । विवाह गरे गराएमा सो गर्ने गराउने मुख्यलाई सजायको व्यवस्था गरेको छ । २० बर्ष नपुगी केटा र केटीले विवाह गरेको रहेछ र सन्तान जन्मेको रहेनछ भने २० बर्ष पुगेपछि मन्जुरी नगरे उक्त विवाह बदर गर्न पाउछ ।

**उजुरी गर्ने निकाय**

बालविवाहको उजुरी प्रहरी कार्यालयमा दिनु पर्छ ।

**हदम्याद**

बालविवाहमा थाहा पाएको मितिले तीन महिनाभित्र उजुरी गर्नुपर्दछ ।

**सजाय**

- १० वर्ष नपुगेको बालबालिकालाई विवाह गरे गराएकोमा उमेर पुगेका सबै व्यक्तिलाई ६ महिना देखि ३ वर्ष सम्म कैद र एक हजार देखि दश हजार रुपैयाँसम्म जरिवाना हुन्छ ।
- १० वर्षभन्दा माथि तर १४ वर्ष नपुगेको केटाकेटीको विवाह गरे गराएको रहेछ भने ३ महिना देखि १ वर्षसम्म कैद र पाँच हजार रुपैयाँ सम्म जरिवाना हुने व्यवस्था गरेको छ ।
- १४ वर्ष माथि १८ वर्ष मुनिकी बालिकालाई विवाह गराएमा ६ महिनासम्म कैद वा दश हजार रुपैया सम्म जरिवाना वा दुवै हुनसक्छ ।
- २० बर्ष उमेर नपुगेको केटा र केटाबिच विवाह गराएको रहेछ भने छ महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन्छ ।
- ऐनले विवाह गर्न पाउने हदभित्रको हो भनि ढाटी विवाह गरे गरीदिएको नजानि विवाह गर्ने गराउनेलाई चाही सजाय हुँदैन ।
- विवाह गर्न गराउन नहुनेमा जानी-जानी विवाहको काम गर्ने पुरोहित, लमि र अरु मद्दतीहरुमध्ये उमेर पुगेकालाई एक महिनासम्म कैद वा एक हजार रुपैयाँसम्म जरिवाना ।
- विवाह भइनसकेको तर रीत दस्तुर बुझाई विवाहको कुरा छिनी सकेको रहेछ भने कुरा छिन्ने मुख्यलाई पाँच सय रुपैया सम्म जरिवाना गरी छिनी सकेको विवाह बदर गरिदिनु पर्दछ ।



# ढाँटी विवाह

विवाह गर्दा केटा र केटी बिच जे जस्तो अवस्था छ त्यसको बारेमा एक पक्षले अर्को पक्षलाई जानकारी दिएर मात्र विवाह गर्नु पर्दछ । त्यसरी जानकारी नदिई लुकाई-छिपाई विवाह गरिदिन्छन भने त्यसलाई ढाँटी विवाह भनिन्छ । साथै विवाह गर्दा केटा र केटीबीच सहमति भई मन्जुरीले विवाह गरिनु पर्दछ ।

यदि सहमति नभई भएको विवाहलाई जबरजस्ती विवाह भनिन्छ । यस्तो विवाहलाई कुनै पक्षले मन्जुर नगरेमा विवाह बदर हुन्छ ।

**विवाह बदर हुनसक्ने अवस्था**

- शरीरमा मानव रोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु ( एच आइ भि) वा हेपाटाइटिस वी रहेको वा यस्तै प्रकृतिका निको नहुने कडा रोग लागेको लाई ढाँटी विवाह भएकोमा महिला वा पुरुषले मन्जूर नगरे विवाह बदर हुन्छ ।
- यौनाङ्ग नभएको, पुरुषत्व हिन भएको वा सन्तान उत्पादन

गर्ने क्षमता नभएको प्रमाणित भैसकेको लाई ढाँटी विवाह भएकोमा महिला वा पुरुषले मन्जूर नगरे विवाह बदर हुन्छ ।

- पूर्ण रुपमा वोल्न वा सुन्न नसक्ने र पूर्ण रुपमा दृष्टि विहिन भएको लाइ ढाँटी विवाह भएकोमा महिला वा पुरुषले मन्जूर नगरे विवाह बदर हुन्छ ।
- होश ठेगानामा नरहेको लाई ढाँटी विवाह भएकोमा महिला वा पुरुषले मन्जूर नगरे विवाह बदर हुन्छ ।
- विवाह भैसकेको वा गर्भवति भै सकेको लाइ ढाँटी विवाह भएकोमा पुरुषले मन्जूर नगरे विवाह बदर हुन्छ ।
- नैतिक पतन देखिने फौज्दारी अधियोगमा कसूरदार ठहरी अदालतवाट सजाय पाएको लाइ ढाँटी विवाह भएकोमा महिला वा पुरुषले मन्जूर नगरे विवाह बदर हुन्छ ।

**उजुरी गर्ने निकाय**

ढाँटी वा जबरजस्ती विवाह बदरको लागि जिल्ला अदालतमा फिराद दिनुपर्दछ ।

**हदम्याद**

जबरजस्ती विवाह गरेको मितिले ३ महिनाभित्र र ढाँटी विवाहमा थाहा पाएको मितिले ३ महिनाभित्र उजुर गर्नुपर्छ ।

**सजाय**

- झुक्याइ विवाह गरे वा गराएमा दुई वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुन्छ । त्यस्तो जरिवानाको रकम क्षतिपूर्ति स्वरुप झुक्यानमा पर्नेलाई दिनु पर्छ । ■



# बहुविवाह

**बहुविवाह भनेको के हो ?**

विवाहित पुरुषले श्रीमती हुँदा-हुँदै अर्की श्रीमती ल्याएमा वा राखेमा यसलाई बहुविवाह भनिन्छ । यसरी श्रीमान्ले बहुविवाह गरेपछि महिलामाथि विभिन्न प्रकारका शारिरीक तथा मानसिक यातना हुनुका साथै बालबालिकाहरु समेत पीडित हुने गर्दछन् ।

**पुरुषले कुन अवस्थामा कानुनी रुपले बहुविवाह गर्न सक्दछः**

- श्रीमतीले श्रीमान्बाट अंशभाग लिई भिन्न बसेमा,
- श्रीमतीले श्रीमान्सँग सम्बन्ध विच्छेद गरेमा,

**श्रीमानले बहुविवाह गरेमा के-कति सजायँ हुन्छ?**

बहुविवाह गरेमा श्रीमान् र त्यसरी ल्याएकी कान्छी श्रीमती विरुद्धमा प्रहरीमा उजुरी दिनुपर्दछ । यसरी उजुरी दिएमा श्रीमान् र कान्छी श्रीमती (सौता) दुवैलाई सजायँ हुन्छ । यस्तोमा दुवैलाई

१ वर्षदेखि ३ वर्षसम्म कैद र रु ५,०००/- देखि रु २५,०००/- सम्म जरिवाना हुन्छ ।

**श्रीमतीले अर्को विवाह गरी पहिलो श्रीमानको धनमाल लिएर गएमा के हुन्छ?**

कसैले अर्काको श्रीमतीलाई विवाह गरी निजको धनमाल समेत लगेकोमा वा कुनै महिलाले अर्को विवाह गरेर जादा आफुले लगाएको वा प्रयोग गर्ने गरेको लत्ता कपडा वा आफ्नो दाइजो, पेवा, वा निजी आर्जन वाहेक पहिलो लोग्नेको धनमाल समेत लगेमा त्यसरी लग्न नपाउने धनमालको हकमा निजको पहिलो लोग्ने र निज मरेमा वा विदेश गएकोमा निजको हकदारले फिर्ता लिन पाउछ ।

**बहुविवाहको अपराधमा कसले उजुरी गर्ने ?**

यस्तो अपराधमा पीडित श्रीमती आफैंले, छरछिमेक आफन्त जो-सुकैले पनि उजुरी दिन सक्दछन् । यस्तो उजुरीलाई जाहेरी दरखास्त भनिन्छ ।

**बहुविवाहको अपराधमा कहाँ उजुरी दिनु पर्दछ ?**

बहुविवाहको उजुरी आफू बसोबास गरेको ठाउँ नजिकको प्रहरी चौकीमा दिनुपर्दछ ।

**बहुविवाहको अपराधमा कहिलेसम्ममा उजुरी गर्न सकिन्छ?**

बहुविवाह भएको थाहा पाएको मितिले ३ महिनाभित्रमा उजुर गर्न जानुपर्दछ ।

**के दोस्रो विवाह बदर गर्न सकिन्छ?**

दोस्रो विवाहमा कारवाही भएता पनि बदर गर्न सकिंदैन ।

**के दोस्री श्रीमतीले अंश पाउन सक्छिन् ?**

दोस्रो श्रीमतीले (कारवाही भएको अवस्था तथा कारवाही नभएको अवस्थामा) पनि पहिलो श्रीमतीले जस्तै श्रीमान्को सम्पत्तिबाट बराबर अंश पाउन सक्दछिन् ।

**बहुविवाहपछि के परिणाम हुनसक्दछ?**

१) श्रीमान्लाई सजायँ गराउन सक्छिन्

२) श्रीमान्सँग सम्बन्ध विच्छेद गर्न सक्छिन्

३) श्रीमान्बाट अंश लिई भिन्न बस्न सक्छिन् ।

**यो पनि थाहा पाइराख्नुस् !**

- पत्नीले छोरी छोरी मात्रै जन्माएको अवस्थामा पुरुषले छोरो पाउन बहुविवाह गर्ने गरेका उदाहरण पनि छन् । तर छोरो र छोरी जन्माउने कुरा महिलामा नभएर पुरुषमा निर्भर गर्ने कुरा हो । यसमा महिलाको कुनै भूमिका हुँदैन तथा छोरी पाएको भनेर दोश्रो विवाह गर्न पाइदैन ।
- सन्तान नभएको निहुँमा पनि पुरुषहरुले पत्नी माथि सौता हाल्ने गरेको पाइन्छ । तर सन्तान नहुनाको कारण पुरुष वा महिला कसैमा पनि रहेको त्रुटि हुन सक्दछ । यसको राम्रो जाँच गराएर उपचार गर्न सकिन्छ ।तर सन्तान भएन भनेर दोश्रो विवाह गर्न पाइदैन ।
- पत्नीमा रहेका प्रजनन् स्वास्थ्य समस्याका कारण यौन असन्तुष्टिवश पुरुषले बहुविवाह गरेका पनि पाइन्छन् । राम्ररी जँचाएर र सल्लाह अनुसारको उपचार गराएमा यौन सम्बन्धी यस्ता समस्याहरु सुल्झिन सक्छन् ।



# घरेलु हिंसा र यस सम्बन्धी कानूनी व्यवस्था

**घरेलु हिंसा के हो ?**

एउटै घरभित्र बस्ने परिवारको कुनै पनि सदस्यले नाता सम्बन्धको दुरुपयोग गरेर सोहि परिवारमा बस्ने अन्य कुनै परिवारका सदस्यमाथि गरिने शारिरीक, मानसिक, आर्थिक, यौनिक र भावनात्मक दुर्व्यवहार जस्ता अन्याय वा अत्याचारपूर्ण व्यवहारहरु घरेलु हिंसा हुन् । यस्तो हिंसा श्रीमान्-श्रीमती, सासु-बुहारी, आमा-बाबु, दाजु-भाइ, दिदी-बहिनी, नन्द-आमाजु, काका-भतिजा, भतिजी जोसुकैको बीचमा हुनसक्दछ ।

नेपालको कानूनले घरेलु हिंसालाई दण्डनीय मानेर यस्तो हिंसा गर्नेलाई दण्ड सजायको व्यवस्था गरेकोछ। यस्तो घरेलु हिंसा सम्बन्धी कानूनको नाम "घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६" हो। नियमावली २०६७ समेत लागू भइसकेको छ।

यस ऐनले कस्तो-कस्तो कार्यलाई घरेलु हिंसा मान्ने भनेर स्पष्ट रुपमा लेखेको छ। जस अनुसार घरेलु हिंसा भन्नाले :
कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना दिने कार्यलाई जनाउँद छ।
यस ऐन अनुसार घरेलु सम्बन्धभित्र निम्न सम्बन्धहरु पर्दछन्।

**वंशज,**

- विवाहपछि भएको सम्बन्ध,
- धर्म सन्तानका कारण भएको सम्बन्ध,
- संयुक्त परिवारमा बस्ने सदस्यहरु,
- घरमा कामदारका रुपमा एकै परिवारमा बस्ने जो-कोहि व्यक्तिहरु बीचमा भएको वा हुनसक्ने सम्बन्धहरु हुन्।
- सँगै बसेको जोडीबाट अंश लिई वा नलिई भिन्न बसेको पति वा पत्निको सम्वन्ध समेतलाई जनाउँछ।

यस ऐनले निम्न ४ प्रकारको हिंसा गरेमा त्यसलाई दण्ड सजायको व्यवस्था गरेको छ।

१ **शारीरिक यातना:** कुटपिट गर्ने, गैर कानुनी रुपमा थुनामा राख्ने, शारीरिक चोट पुऱ्याउने तेजाव वा त्यस्तै अन्य कुनै पदार्थ छर्किई वा सो पदार्थले पोली डामी,दली,घसी जीउमा

पिडा गराउने वा अनुहार वा शरिरको कुनै अंग कुरुप पारिदिने वा त्यस्तै अन्य कुनै काम गर्ने वा गराउने कार्य पर्दछ ।

२) **मानसिक यातना :** शारीरिक यातनाको डरधाक देखाउने वा धम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गाली गलौज गर्ने, झुठा बात लगाउने, घरबाट निकाला गर्ने, वैचारिक धार्मिक, सांस्कृतिक, प्रथा परम्पराका आधारमा भेदभाव गर्ने, रुप रंग शाररिक वनावट तथा कुनै रोग लागेको आधारमा अपमानित गर्ने,मानसिक संतुलन गुमाउने, आत्मा हत्या गर्न दुरुत्साहन दिने वा आत्मा हत्या गर्ने परिस्थिति खडा गर्ने हदसम्मको कार्य सम्झनु पर्छ र सो शव्दले वा मानसिक तथा भावनात्मक चोट पुग्न सक्ने अन्य कुनै काम समेत जनाउँछ ।

३) **यौनजन्य यातना :**
महिलालाई यौनजन्य प्रकृतिको दुर्व्यवहार, अपमान, हतोत्साह वा आत्मसम्मानमा चोट पुऱ्याउने वा सुरक्षित यौन स्वास्थ्यमा आघात पुग्ने कुनै पनि कार्यका साथै वैवाहिक बलात्कार, यौनजन्य दुर्व्यवहार, बिरामी समयमा श्रीमतीसँग यौन सम्बन्ध राख्नु, अश्लिल पत्रपत्रिका वा सिनेमा देखाई सोहि अनुसार यौन सम्बन्धका लागि बाध्य पार्नु जस्ता कार्यहरु महिलामाथि हुने यौनजन्य यातना हुन् ।

४) **आर्थिक यातनाः**
महिलालाई सगोल वा निजी सम्पत्तिको प्रयोग गर्न नदिनु, रोजगारीमा सहभागी हुन नदिनु, घरको सम्पत्ति बेचविखन

गर्दा महिलाको सहमती नलिनु, आय-आर्जन गर्न नदिनु, घरमा भएको सम्पत्तिमा महिलाको पहुचँ नहुनु जस्ता कार्य पर्दछ । आर्थिक यातना शव्दले महिलाको हकमा दाईजो माग गर्ने,दाईजो ल्याउन दवाव दिने वा दाईजो नल्याएको कारणबाट गरिने घृणा, हेला वा तिरस्कार समेतलाई जनाउँछ ।

**महिलामाथि हुने घरेलु हिंसाका कारणहरु :**

महिलामाथि विभिन्न कारणहरुले हिंसा हुने गर्दछ । ती कारणहरुमध्ये केहि महत्वपूर्ण कारणहरु निम्न रहेका छन् ।

- महिला र पुरुष बीचको असमानता,
- भेदभावपूर्ण कानूनहरु,
- महिला र पुरुष बीचको शक्ति असमानता,
- अशिक्षा,
- अज्ञानता वा चेतनाको कमी,
- गरिबी,
- स्वास्थ्य सम्बन्धी समस्या,
- आर्थिक रुपमा पुरुष वा परिवारप्रति परनिर्भरता,
- महिलाप्रतिको पितृसत्तात्मक सोच,
- विभिन्न प्रकारका सांस्कृतिक प्रथा तथा मान्यताहरु,
- यौन असन्तुष्टि सम्बन्धी कुराहरुका बारेमा श्रीमान् श्रीमती बीचमा कुराकानी नहुनु,
- बाल विवाह, अनमेल विवाह, दाइजोप्रथा, तिलक प्रथा,
- महिला आफैं हिंसाका बारेमा बोल्न नचाहनु,
- आफूमाथि भइरहेका हिंसाका बारेमा रिपोर्ट गर्न महिला

अग्रसर नहुनु,

- महिला हिंसा सम्बन्धी रिपोर्टलाई गंभीरतापूर्वक ग्रहण नगर्नु,
- हिंसा सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन नहुनु,

**घरेलु हिंसाले महिलामाथि पार्ने असरहरु :**

घरेलु हिंसाले महिलाको जीवनको सबै पक्षलाई प्रभावित पार्दछ । जस्तो : महिलामा आत्मविश्वासको कमी, एक्लो वा असुरक्षित महशुस, हिनताबोध, तनाव, चिड-चिडापन, निन्द्रा नलाग्ने, खान मन नलाग्ने, निराशापन, यौन सम्बन्ध राख्न मन नलाग्ने, नराम्रो संगतमा फस्न सक्ने, आर्थिक कमजोरी, सामाजिक रुपमा अग्रसर नहुने, अवसरबाट बंचित, अपराधिक मानसिकताको विकास, स्वतन्त्रतामाथि बंदेज र आत्महत्या गर्ने जस्ता असरहरु देखिन सक्दछ ।

**लैंङ्गिक हिंसा भनेको के हो ?**

लैंङ्गिक हिंसा भनेको सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसै प्रति शाररिक, यौनजन्य वा मानसिक क्षति वा पिडा पुर्‍याउने कार्य लाई सम्भनु पर्दछ । सो शव्दले लिङ्गको आधारमा हुने वा हुन सक्ने कुनै पनि प्रकारको अपमानजन्य,पिडाजन्य, वा धम्कीपूर्ण व्यवहार,दवाव,करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वन्चित गर्ने कुनै पनि कार्य समेतलाई जनाउँद छ ।

**घरेलु हिंसाबाट पीडितले यी ४ निकायहरुमा उजुरी दिन सक्नेछ :**

१) प्रहरी कार्यालय

२) स्थानीय तह (गाउँपालिका/न.पा./वडा कार्यालय)

३)	राष्ट्रिय महिला आयोग

४)	सम्बन्धित जिल्ला अदालत

पीडितले यी ४ निकायमध्ये कुनै एकमा उजुरी गर्न सक्नेछ र कुन निकायमा उजुरी गर्ने भन्ने निर्णय हिसाबाट पीडित व्यक्ति आफैले गर्न सक्नेछ ।

यसरी उजुरी परेपछि (गा.वि.स.), गाउँपालिका वा नगरपालिका वा प्रहरी कार्यालयले दुवै पक्षको मञ्जुरीमा उजुरी परेको ३० दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराई दिनुपर्छ । यदि मेलमिलाप हुन नसकेमा प्रहरी कार्यालय वा स्थानीय निकाय (गाउँपालिका वा नगरपालिका) ले उजुर गर्ने व्यक्तिको सहमति भएमा मेलमिलाप गर्ने मयाद (३० दिन) सकिएको मितिले १५ दिनभित्रमा उजुरी र प्रमाण कागजसहित जिल्ला अदालतमा पठाइदिनु पर्छ ।

पीडित व्यक्ति अदालत गएमा अदालतले पीडित व्यक्तिको संरक्षण गर्न, बसोबास गर्न दिन, खान लाउन दिन, कुटपिट नगर्न, शिष्ट र सभ्य व्यवहार गर्न, गाली बेइज्जति नगर्न, धम्की नदिन, पीडित बसेको ठाउँमा वा बाटोघाटोमा वा कार्यालयमा गई कुनै किसिमको संचार माध्यमबाट दुःख नदिनु भनी घरेलु हिंसा गर्ने व्यक्तिको नाममा संरक्षणात्मक आदेश जारी गर्न सक्छ ।

**जाहेरी दिन सक्ने:** अंग भंग गरेको, तेजाव वा त्यस्तै अन्य कुनै पदार्थ छर्किई, पोली डामी, दली,घसी जीउमा पिडा गराउने वा अनुहार शरीरको कुनै अङ्ग कुरुप पारिदिने गरी भएको शारीरिक यातना वा यौन जन्य यातना सम्वन्धी घरेलु हिंसाको कसुर भएको,

भई रहेको वा हुन लागेको थाहा पाउने जुनसुकै व्यक्तिले प्रचलित कानुन बमोजिम नजिकको प्रहरी कार्यालयमा जाहेरी दरखाास्त दिन सक्ने छ (यो मुद्धा सरकार वादी भई चल्ने छ । त्यस्तो मुद्धा सरकार वादी मुद्धा सम्वन्धी ऐन २०४९ को अनुसुची १ म समावेश भएको मानिने छ ।

**हदम्याद :**
यस्तो उजुरी घरेलु हिंसाको कसुर भए गरेको मितिले ९० दिनभित्रमा (स्थानीय निकाय, प्रहरी, राष्ट्रिय महिला आयोग वा अदालतमध्ये कुनै एक निकायमा) उजुरी दिनुपर्दछ ।

**पीडितलाई उपचारको व्यवस्था**

- उपचारको रकम पिडकले व्यहोर्ने : घरेलु हिंसाबाट पीडित व्यक्तिलाई तत्काल उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पिडकले व्यहोर्नु पर्नेछ । र कुनै कारणले पिडकले त्यस्तो उपचार खर्च उपलव्ध गराउन नसक्ने भएमा महिला तथा बालबालिका कार्यालयले तत्काल त्यस्तो खर्च उपलव्ध गराई सो कार्यालयले त्यस्तो रकम पिडकबाट असुल गराउनु पर्नेछ ।
- घरेलु हिंसाबाट पीडित व्यक्ति मानसिक वा शारीरिक रुपमा अशक्त भएको कारणले अस्पतालमा उपचार गराउनु परेमा उपचार गराउँदा लागेको सम्पूर्ण खर्च पिडकले व्यहोर्नु पर्नेछ ।
- कुनै कारणले पिडकले त्यस्तो रकम उपलव्ध गराउन नसक्ने भएमा अदालतले सम्वन्धित महिला तथा बालबालिका

कार्यालय वा सेवा केन्द्रबाट पीडितले त्यस्तो उपचार रकम पाउने गरी आदेश गर्न सक्ने छ । त्यसरी उपलव्ध गराएको रकम सो कार्यालयले पिडकबाट सरकारी बाकी सरह असुल गर्न वा गराउनु पर्नेछ ।

**घरेलु हिंसा गर्नेलाई निम्न अनुसारको दण्ड सजायँको व्यवस्था गरिएको छ ।**

१ कसैले अंग भंग गरी, तेजाव वा त्यस्तै प्रकारका अन्य कुनै पदार्थ छर्किई वा सो पदार्थले पोली डामी,दली,घसी जीउमा पिडा गराई वा अनुहार वा शरीरको कुनै अङ्ग कुरुप पारिदिने गरी शाररिक यातना वा यौन जन्य यातना सम्वन्धी घरेलु हिंसाको कसूर गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

२) कसैले घरेलु हिंसा गरेमा त्यस्तो व्यक्तिलाई तीन हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँ सम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजायँ हुनेछ ।

३) घरेलु हिंसाको उद्योग वा दुरुत्साहन गर्ने वा मतियार हुनेलाई मुख्य कुसुरदारलाई हुने सजायँको आधा सजायँ हुनेछ ।

४) घरेलु हिंसाको कसुरमा पहिले सजायँ पाइसकेको व्यक्तिले पुनः सोहि कसुर गरेमा पटकैपिच्छे दोब्बर सजायँ हुनेछ ।

५) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको कुनै व्यक्तिले आफनो पत्नी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, नावालक वा गर्भवती महिला विरुद्ध कसूर गरेमा निजलाई थप १० प्रतिशत सजाय हुन्छ ।

५) कसैले अदालतबाट जारी अन्तरिम संरक्षणात्मक आदेशलाई पालना नगरेमा त्यस्तो व्यक्तिलाई दुई हजार रुपैयाँदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना वा चार महिनासम्म कैद वा दुवै सजायँ हुनेछ ।

**क्षतिपूर्ति :** पीडित व्यक्तिलाई घरेलु हिंसाको प्रकृति, मात्रा पीडितलाई पुगेको पिडा र पिडक तथा पीडितको आर्थिक तथा सामाजिक हैसियत समेतलाई विचार गरी अदालतले पिडकबाट मनासिव माफिकको क्षतिपुर्ति पिडीतलाई भराई दिन सक्ने छ ।

**घरेलु हिंसा न्यूनिकरणका लागी हामी प्रत्येक व्यक्तिले आफ्नो तर्फबाट के गर्न सक्छौ ?**

- आफ्नो प्रत्येक परिवारको सम्मान गरौ ।
- घरेलु हिंसाको विषयमा खुलेर कुरा गरौ यसलाई नलुकाऔ ।
- बोली ब्यबहार गर्दा लैङीक, जातिय, धार्मीक विषयमा सम्बेदनसिल भई कसैलाई होच्याउने कुनै पनि प्रकारका उखान टुक्काको प्रयोग नगरौ ।
- कसैमाथि घरेलु हिंसा भइरहेको छ भने त्यसलाई अरुको व्यक्तिगत मामला वा समस्या हो भनेर बेवास्ता नगरौ, हिंसाबाट पीडित महिलाको समस्या सुनौ र न्यायको पहुचका लागी आफुले सक्दो सहयोग गरौ ।
- आफ्ना वरिपरि कोहि हिंसाबाट पीडित छन् भने हिंसा विरुद्ध बोल्न प्रोत्साहन प्रदान गरौ ।
- महिलामाथि हुने हिंसाका मुख्य कारणमध्येमा एक कारण यौनजन्य समस्या हुनसक्छन्, यस्ता समस्यालाई साधारणतया

बताउन चाहँदैनन् । यदि कोहि यस्तो समस्याबाट पीडित भएको थाहा पाउनु भएमा यस्तो समस्या समाधान हुनसक्दछ, यसका लागि श्रीमान् श्रीमतीलाई सम्बन्धित ठाँउ वा अस्पतालमा परामर्श लिन जानका लागि सल्लाह दिनोस् ।

- यदि कसैमाथि बारम्बार घरेलु हिंसा भइरहने गर्दछ भने कानुनी परामर्श वा सहयोग लिन सल्लाह प्रदान गरौ । यसरी कानुनी परामर्श लिदैमा हिंसा गर्ने व्यक्तिलाई कानुनी कारवाही भई हाल्दैन् । कानुनी परामर्श प्रदान गर्ने संघ संस्थाहरुले कानुनी परिस्थिती हेरेर तपाईमाथि हिंसा गर्ने व्यक्ति वा परिवारका सदस्यलाई परामर्श सेवा, मेलमिलाप प्रक्रियाद्वारा सम्बन्ध सुधार्न मद्दत गर्न सक्दछ भन्ने कुरा जानकारी गराऔ ।

**यो पनि जानी राखौ**

महिलाले आफ्ना अति आवश्यक चिजवस्तुहरु जस्तो नागरिकता, विवाह-दर्ताको कागजात,बच्चाको जन्मदर्ता कागजात र आफ्ना अति आबश्यक र अमुल्य बस्तुहरु छुट्टै सुरक्षित स्थानमा राखौ । कहि कतै आफुमाथि हिंसा भई घरबाट निस्किनु परेमा सजिलै लिएर निस्किन सकियोस् । भोली तपाईलाई कानुनी लडाई लड्नु परेमा यी अति आबश्यक हुन्छन् ।

घरेलु हिंसाका पिडितहरुलाई महिला तथा बालबालीका कार्यलयको लैङ्गिक हिंसा निवारण कोष मार्फत कानूनी, आर्थिक तथा अन्य विभीन्न प्रकारका सहयोगको ब्यबस्था गरेको छ ।

**महिला विकास कार्यक्रम सञ्चालन मार्गदर्शन २०७२ अनुसार**

क) पिडितको औषधी उपचारार्थ सुरक्षित अल्पकालीन आश्रममै बसी उपचार गराउँदा यातायात भाडा, परीक्षण तथा औषधी बापत रु.२,०००। - सम्म ।

ख) अस्पतालमा भर्ना भै उपचार गराउँदा यातायात, परीक्षण तथा औषधीका अतिरिक्त ५ दिन सम्मको विरामी र कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु ३००। ले बढीमा रु.६,५००।- सम्म ।

ग) विशेष अवस्थामा विशेष निर्णयबाट बढीमा थप रु .४०००।- सम्मको यर्थाथ खर्च ।

घ) कानुनी उपचारका लागि एक जना साथी समेत अदालत आतेजाते भाडा, दै दस्तुर र सेवा वापत सामान्य अवस्थामा प्रति व्यक्ति रु,२५००।- सम्मको यर्थाथ खर्च ।

ङ) अल्पकालिन अवस्थामा रहँदा सम्म प्रतिदिन फुटकर खर्च रु .१५। रुपैया ।

च) फिर्ता संप्रेषण गर्दा साथी समेतको मीतव्ययी भाडा तथा बीचमा बास बस्नु नपरे प्रति व्यक्ति प्रतिदिन रु. ३००।-

छ) अल्पकालीन आश्रयमा रहँदा खाने कुराको लागि साथी समेतको दैनिक रु. ३००।-

ज) मनोसामाजिक विमर्श प्रदान गर्न प्रतिव्यक्ति रु. १०००।- सम्म । ■



# दाइजो/तिलक सम्बन्धी हिंसा

**विवाह गर्दा तिलक लिन दिन नहुने**

केटा र केटी बिच विवाह गर्दा लेनदेन गरी विवाह गर्नु गराउनु हुँदैन यसरी विवाह गर्दा गरिने लेनदेनलाई दाइजो तिलक भनिन्छ । हाम्रो कानून अनुसार तिलक लिन-दिन हुँदैन । लिएमा अपराध ठहरिन्छ र लिने दिने दुबै सजायको भागिदार हुन्छ ।

**दुलही पक्षले लिन नहुने**

- छोरीको विवाह गरी दिंदा कुनै नगदी जिन्सी लिएर विवाह गर्नु हुँदैन ।
- विवाहमा दुलहा पक्षले गहना, कपडा, नगद-जिन्सी वा जमिन दिनुपर्छ भनी केटी पक्षलाई कर लगाउन हुँदैन ।

**दाइजोमा नियन्त्रण**

- विवाहमा केटा पक्षले विवाह हुँदै वा विवाहपछि नगद जिन्सी दाइजो, दान, बकस, भेटी, विदाई उपहार दिनुपर्छ भनी कर

लगाउन हुदैन वा

- दुवै पक्षले विवाह अगावै रकम लिन दिन भनि तय गर्न हुँदैन, वा
- दाइजो दिएन भनी दुलहा पक्षले विवाद गर्न, वा
- विवाह गर्न इन्कार गर्न, वा
- विवाह भइसकेको भए दुलही विदाई गराई साथ नलग्न, वा
- दुलहीपछि मात्र विदाई गराई लग्ने प्रथा भएकाहरुले पछि विदाई गराई लग्न इन्कार गर्न हुँदैन ।

**उजुरी लाग्ने निकाय**

सामाजिक व्यवहार (सुधार) ऐन अन्तर्गतका दाइजो/ तिलकसम्बन्धी उजुरी जिल्ला अदालतमा लाग्छ ।

**हदम्याद**

भए गरेको मितिले पैंतिस दिनभित्र उजुरी गर्नुपर्दछ ।

**सजाय**

- तिलक लिए/दिएमा बिगो जफत गरी बाह्र हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा ३० दिनसम्म कैद वा दुवै सजाय हुन्छ ।
- केटीको विवाह गर्दा नगदी जिन्सी लिएमा बिगो जफत गरी बाह्र हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन्छ । दिनेलाई त्यसको आधासम्म सजाय हुनेछ ।
- केटाले विवाह हुँदा यति रकम, गरगहना भनी माग गर्न हुँदैन । गरेमा दश हजार रुपैयाँसम्म जरिवाना वा पन्ध्र दिनसम्म कैद हुन्छ ।



# कुटपिट

कसैले कसैलाई रगतपच्छे घाउचोट पारेमा वा जीउमा अरु पिडा नोक्सान हुने काम गरेमा कुटपिट गरेको मानिन्छ । कुनै पनि मानिसमाथि कुटपीट गर्नु अपराध हो । कुनै कारणले श्रीमतीमाथि पनि कुटपीट गर्नु हुँदैन । यसरी श्रीमतीलाई कुटपीट गर्ने श्रीमान्को विरुद्धमा उजुरी गर्न सकिन्छ । आजभोलि कुटपीट हुने महिलाले श्रीमान्का विरुद्धमा घरेलु हिंसामा उजुरी गर्न थालिसकेका छन् र प्रहरीले पनि यस्तोमा कारवाही गर्न थालेका छन् ।

**कुटपीट दुई प्रकारका हुन्छन् :**

(१) साधारण कुटपीटः–
सामान्य चोटपटक हुने कुटपिट ।

(२) अंगभंग हुने गम्भीर कुटपीटः–
यो ज्ञानेन्द्रियहरुको शक्तिहरण गरीदिने गम्भीर किसिमको

अंगभंग हुने कुटपीट हो । जस्तो आँखा फुटाउनु, हात खुट्टा भाँचिदिनु कान नसुन्ने बनाउनु, जिब्रोको वोल्ने शक्ती हिन गर्नु, स्तन काट्नु, महिलालाई बाँझोपन बनाउनु इत्यादि ।

**उजुरी कहाँ गर्न सकिन्छ ?**

आफ्नो नजिकको प्रहरी चौकी वा महिला तथा बालबालिका सेवा केन्द्र वा जिल्ला प्रहरी कार्यालयमा गई आफूमाथि भएको कुटपीटको बारेमा उजुरी गर्नु पर्छ। यसका साथ-साथै तुरुन्तै डाक्टर वा अस्पतालमा गई जँचाएर घाउ जाँचको प्रमाणपत्र लिनु पर्दछ। जुन प्रमाण पछि मुद्दामा आवश्यक पर्दछ ।

**श्रीमान्ले कुटपीट गरी बारम्बार दुःख दिने गरेमा निम्न कानुनी उपचारहरु गर्न सकिन्छः**

- श्रीमान्सँग सम्बन्ध विच्छेद गर्न सकिन्छ,
- श्रीमान्का विरुद्ध अंश मुद्दा दिन सकिन्छ,
- कुटपीटमा मुद्दा चलाई सजायँ कैद जरिवाना गरी पाऊँ भनी घाउ जाँचको उपचार खर्च समेत प्राप्त गर्न सकिन्छ,
- सार्वजनिक ठाउँमा कुटपीट भएको रहेछ भने सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाई थुनामा राख्न वा जरिवाना गराउन सकिन्छ ।

यदि घरेलु नाता सम्वन्ध भित्रको व्यक्ति विच कुटपिट भएमा घरेलु हिंसामा मुद्धा चलाई कैद वा जरीवना गराउन सक्ने छ ।

**कुटपीटमा कहिलेसम्ममा उजुरी गर्न सकिन्छ?**

(१) साधारण कुटपीट भएमा कुटपीट भएको ३५ दिनभित्र

तुरुन्तै नजिकैको प्रहरी चौकी, महिला तथा बालबालिका सेवा केन्द्र, जिल्ला प्रहरी कार्यालयमा उजुरी दिनु पर्दछ ।

(२) अंगभंग हुने गरी कुटपीट भएमा ३ महिनाभित्र प्रहरी कार्यालयमा उजुरी वा जाहेरी दिनु पर्छ । यो मुद्दा नेपाल सरकार वादी भई मुद्दा चल्छ ।

(३) सार्वजनिक ठाउँमा अपराध गरेकोमा उजुरी दिंदा अपराध भए गरेको मितिले ७ दिनभित्र नजिकको प्रहरी कार्यालयमा उजुरी दिनुपर्दछ ।

**कुटपीटबाट बच्न के-कस्ता उपायहरु अपनाउन सकिन्छ ?**

- आफू र आफ्ना बालबच्चाहरुलाई सधैं घरेलु हिंसा वा झैं-झगडाबाट सुरक्षित राख्न सजग हुनोस् ।
- आफूमाथि बारम्बार हुने कुटपीटका बारेमा आफन्त, छिमेकी वा नातेदारलाई घरायसी झगडा वा आपसी मामला भनी नलुकाउनोस् ।
- आफूमाथि कुटपीट हुन थालेपछि आफन्त, छिमेकी वा नातेदारले सुन्ने गरेर गुहार माग्नोस् वा आफूलाई कुटपीटबाट बचाउन भाग्ने कोशिश गर्नोस् ।
- आफ्ना अति आवश्यक चिजवस्तुहरु जस्तैः नागरिकता, विवाहदर्ता कागज, जन्मदर्तापत्र, रुपैयाँ, पैसा, गरगहनाहरु छुट्टै राख्नोस्, जसलाई आफूमाथि कुटपीट भई हतारमा निस्कँदा आफूले साथमा लिई जान सकियोस् ।
- आफूलाई सहयोग गर्ने महत्वपूर्ण संघ संस्थाहरु तथा प्रहरी कार्यालयका फोन नम्बरहरु सधैं याद राख्नोस् ।

**कुटपीटमा मिलापत्र गर्न सकिन्छ ?**

कुटपीटबाट पीडित हुने महिलाले आफूलाई मान्य हुने शर्तहरुमा श्रीमान्सँग मिलापत्र गर्न सक्छिन् । यसरी मिलापत्र गर्दा प्रहरीले आफ्नो रोहवरमा आइन्दा श्रीमतीमाथि कुनै पनि प्रकारले कुटपीट नगर्ने भनी कागज गरी, सहि छाप गराई मिलापत्र गराउन सक्दछ । यदि यस्तो कागज गरी मिलापत्र गरिसकेपछि पनि फेरी आफूमाथि कुटपीट भएमा तुरुन्तै प्रहरीमा उजुर गर्नु पर्दछ ।

**यो पनि थाहा पाइराख्नुस् :–**

प्रजनन् सम्बन्धी कतिपय निहुँमा श्रीमान्ले श्रीमतीमाथि कुटपीट, हिंसा गर्ने गरेका पाइन्छन् । कुटपीट गर्नु आफैंमा अपराध हो र कुटपीट गरेर समस्या समाधान पनि हुँदैन, त्यसका निम्ति सही ठाउँमा गएर सम्बन्धित व्यक्तिहरुसंग परामर्श, उपचार लिनु पर्दछ । ■



# सम्बन्ध विच्छेद

**सम्बन्ध विच्छेद भनेको के हो ?**

सम्बन्ध विच्छेद भनेको श्रीमान् श्रीमती बीचको वैवाहिक सम्बन्धलाई कानून बमोजिम विच्छेद गरिनु हो । यसलाई अर्को भाषामा छोडपत्र वा पारपाचुके पनि भनिन्छ । श्रीमान् श्रीमती बीचको नाता कुनै पनि परिस्थितिमा टुट्न पनि सक्दछ ।

**सम्बन्ध विच्छेदपछि महिलाले प्राप्त गर्ने कानुनी अधिकारहरु :**

श्रीमान् श्रीमतीबिच सम्बन्ध विच्छेद हुने भएमा श्रीमतीलाई अंश भाग दिएपछि मात्रै सम्बन्ध विच्छेद गर्न सकिन्छ । यसरी अंश लिई सकेपछी महिलाले अर्को विवाह गरेमा अंश वापत पाएको सम्पत्ति सम्बन्ध विच्छेद गरेका श्रीमान्लाई फर्काउनु पर्दैन । यसरी अंश वापत प्राप्त चल अचल सम्पत्ति महिलाले आफूखुशी गर्न सक्छिन् । तर त्यस्ती महिलाले अर्को विवाह नगरेमा वा अर्को विवाह गरेको

भए पनि कुनै सन्तान नभएमा निजको शेषपछि निजले पाएको त्यस्तो सम्पत्ति वाँकी रहेमा अघिल्लो श्रीमान पट्टिका सन्तान भए त्यस्ता सन्तानले र त्यस्ता सन्तान नभए अघिल्लो श्रीमानले पाउनेछ ।

सम्बन्ध विच्छेदका निम्ति मुद्दा दर्ता गरेकी श्रीमतीलाई श्रीमान्ले अंश नपाउन्जेल सम्मका लागि मासिक रुपमा माना चामल खर्च भराउनु पर्दछ ।

सम्बन्ध विच्छेद गर्ने श्रीमतीले श्रीमान्सँग अंश नलिई सो वापत वार्षिक वा मासिक रुपमा खर्च भराई लिन चाहेमा श्रीमान्को सम्पत्ति वा आयस्ताको आधारमा वार्षिक वा मासिक खर्च अदालतले भराई दिन सक्दछ । लोग्नेले त्यस्तो खर्च त्यस्ती स्वास्नी मानिसले अर्को विवाह नगरे सम्म मात्र गर्नु पर्दछ ।

**महिलाले सम्बन्ध विच्छेद कहिले गर्न सक्छिन् ?**

- श्रीमान्ले अर्की विवाह गरेमा,
- श्रीमान्ले श्रीमतीलाई खान लाउन बस्न नदिई घरबाट निकालेमा,
- श्रीमान्ले ३ वर्ष वा सोभन्दा बढी समयसम्म श्रीमतीलाई कुनै हेरविचार वा खोज खबर नगरी अलग बसेमा,
- श्रीमान्ले ज्यान जाने गरी अंगभंग हुने वा कुनै ठूलो शारीरिक तथा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा,
- श्रीमान् नपुंसक भएमा,

- श्रीमान्लाई निको नहुने गरी यौन रोग लागेमा,
- श्रीमान्ले परस्त्रीसँग करणी गरेको प्रमाणित भएमा,
- श्रीमतीलाई जबर्जस्ती करणी गरेको ठहरेमा,
- श्रीमान् श्रीमती दुवैको मंजुरीमा सम्बन्ध विच्छेद गर्न सकिन्छ ।

**पुरुषले कहिले सम्बन्ध विच्छेद गर्न सक्दछ ?**

- श्रीमतीले श्रीमान्को मन्जुरी नलिई लगातार ३ वर्ष वा सोभन्दा बढी समयदेखि अलग बसेमा,
- श्रीमतीले श्रीमान्को ज्यान मार्ने अंगभंग हुने वा कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा प्रपंच गरेमा ।
- श्रीमतीलाई निको नहुने यौन सम्बन्धी रोग लागेमा,
- श्रीमतीले परपुरुषसँग करणी गराएको ठहरेमा ।

**श्रीमान् श्रीमती बीचको सम्बन्ध कहिले स्वतः विच्छेद हुन्छ ?**

- श्रीमतीले अर्कोसँग विवाह गरेमा त्यस्तो श्रीमान श्रीमतीको सम्वन्ध स्वतः विच्छेद हुन्छ ।

**सम्बन्ध विच्छेदपछि छोराछोरी कोसँग बस्न पाउँछन् ?**

- नाबालक सन्तान छ भने आमाले आफूसँग राख्न चाहेमा आमाले राख्न सक्छिन् ।
- आमा-बाबु दुवैको सहमति भएमा बालबच्चालाई संयुक्त संरक्षणमा आलोपालो गरेर राख्न पनि सक्छन् ।
- आमाले बच्चा पालेको छ भने बाबुले खर्च व्यहोर्नु पर्दछ ।

यदि बाबुले बच्चा पालेको छ र बाबुको आम्दानीभन्दा आमाको आम्दानी बढी छ भने सम्बन्ध विच्छेद भएकी आमाले पनि बच्चाको खर्च व्यहोर्नुपर्छ ।

- बच्चा जसको संरक्षणमा रहने भएता पनि दुवैले (आमा बाबु) बच्चालाई भेटघाट गर्ने सुविधा पाउँदछन् ।

**यदि सम्बन्ध विच्छेदपछि बच्चा जन्मेमा के हुन्छ ?**

- यदि सम्बन्ध विच्छेद भएको २७२ दिनभित्र बच्चा जन्मेमा सो बच्चा सम्बन्ध विच्छेद भएकै श्रीमान्को मानिन्छ ।
- सम्बन्ध विच्छेदको मुद्दा दर्ता गर्दा महिला आफू गर्भवती भए नभएको कुरा फिरादमा उल्लेख गर्नु पर्दछ ।
- यदि सम्बन्ध विच्छेद भएको २७२ दिनपछि बच्चा जन्मिएमा सो बच्चा अघिल्लो श्रीमान्ले मेरो होइन भन्छ भने निजले नै सो बच्चाको बाबु को हो भन्ने प्रमाणित गर्नु पर्दछ ।

**सम्बन्ध विच्छेदका निम्ति उजुर गर्न कहाँ जानु पर्दछ ?**

- यदि महिलाले सम्बन्ध विच्छेद गर्न चाहेमा सम्बन्धित जिल्लाको जिल्ला अदालतमा जानु पर्दछ ।
- यदि पुरुषले सम्बन्ध विच्छेद गर्न चाहेमा सम्बन्धित गा.वि.स. (गाउँपालिका) वा नगरपालिकामा निवेदन दिनु पर्दछ ।
- यदी श्रीमान् श्रीमती दुवैको मंजुरी भई सम्बन्ध विच्छेद गर्न चाहेमा संयुक्त रुपमा दुवै जना गाउँपालिका वा नगरपालिकामा गई निवेदन दिनु पर्दछ भन्ने कानूनमा व्यवस्था भएता पनि यसलाई छिटो र छरितो बनाउन

व्यवहारमा पहिला श्रीमतीले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिने गरिन्छ र श्रीमान्को तर्फबाट प्रतिउत्तर दिई दुवै पक्षको उपस्थितीमा दुवै पक्षको मंजुरीबाट सम्बन्ध विच्छेद गर्ने गरिन्छ ।

**यो पनि थाहा पाइराख्नोस् :**

हुन त पति पत्नीसँग आ–आफ्नो स्वःनिर्णयमा सम्बन्ध विच्छेद गर्ने कानुनी अधिकार हुन्छ, तर सम्बन्ध विच्छेदपछि प्रायः पत्नीको सामाजिक, आर्थिक जीवन धेरै कष्टकर हुने गरेको सन्दर्भमा विवाह गर्नुभन्दा अघि नै विवाहपछि आइपर्ने समस्याहरुको सामना गर्न सक्ने भएर मात्रै विवाह गर्नु उचित हुन्छ ।

आफ्ना छोराछोरीहरुलाई स्वस्थ, शिक्षित र आत्मनिर्भर बनाएर हुर्काउने दायित्व सबै अभिभावकको हुने गर्दछ । त्यसैले आफ्ना छोराछोरीहरुलाई राम्ररी पढाएर र उमेर पुगेर मात्रै विवाह गरिदिनु पर्दछ । ■



# जबर्जस्ती करणी (बलात्कार)

**जबर्जस्ती करणी भनेको के हो?**

कुनै पनि व्यक्तिले आफ्नो यौन ईच्छा पूरा गर्न नाबालिकाको हकमा मंजुरी लिई वा नलिई र उमेर पुगेका महिलाको हकमा मंजुरी नलिई, डर, धाक, धम्की जबर्जस्तीसँग अनुचित यौन कार्य गरेमा त्यसलाई जबर्जस्ती करणी भनिन्छ । साधारण बोलचालको भाषामा यसलाई बलात्कार भनिन्छ ।

**निम्न अवस्थाहरुमा महिलामाथि यौन सम्बन्ध राखेमा त्यसलाई जबर्जस्ती करणी भएको मानिन्छ :-**

क) १६ बर्ष भन्दा मूनीकी नाबालिक बालिकालाई निजको मंजुरी लिएर यौन कार्य गरेको भएता पनि त्यसलाई जबर्जस्ती करणी गरेको ठहर्छ ।

ख)	महिलालाई निजको मंजुरी नलिई जबर्जस्ती यौन कार्य गरेमा त्यसलाई जबर्जस्ती करणी गरेको ठहर्छ ।

ग)	होस ठेगानमा नरहेको अवस्थामा लिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

घ)	योनीमा लिंग केहीमात्र प्रवेश भएको रहेछ भने पनि यसलाई जबर्जस्ती करणी गरेको मानिने छ ।

ङ)	डर, धाक धम्की वा जोरजुलुम गरी अनुचित प्रभावमा पारी मंजुरी लिएर करणी गरेको रहेछ भने पनि जबर्जस्ती करणी गरेको ठहर्छ ।

च)	गुदद्वार वा मुखमा लिङ्ग पसाएमा वा लिङ्ग वाहेक अन्य कुनै वस्तु योनीमा प्रवेश गराएमा पनि जबर्जस्ती करणी गरेको मानिनेछ ।

**जबर्जस्ती करणी गर्नेलाई कस्तो सजायँको व्यवस्था गरिएको छ ?**

- १० वर्षभन्दा कम उमेरका बालिकालाई जबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाइ १० वर्षदेखि १५ वर्षसम्म कैद सजायँ हुन्छ ।
- १० वर्ष वा सोभन्दा माथि तर १४ बर्षभन्दा कम उमेरकी बालिकालाई जबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई ८ वर्षदेखि १२ वर्षसम्म कैद सजायँ हुन्छ ।
- १४ वर्षभन्दा माथि र १६ बर्षभन्दा कम उमेरकी बालिकालाई जबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई ६ बर्षदेखि १० बर्षसम्म कैद सजायँ हुन्छ ।
- १६ बर्षभन्दा बढी र २० बर्षभन्दा कम उमेरकी महिलालाई

जबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई ५ बर्षदेखि ८ बर्षसम्म कैद सजायँ हुन्छ ।

- २० बर्ष वा सोभन्दा बढी उमेरकी महिलालाई जबर्जस्ती करणी गरेमा त्यस व्यक्तिलाई ५ बर्षदेखि ७ बर्षसम्म कैद सजायँ हुन्छ ।
- सामूहिक जबर्जस्ती करणी गरेमा, गर्भवती महिला, असक्त वा अपाङ्ग महिलालाई जबर्जस्ती करणी गरेमा माथि उल्लेखित उमेर अनुसारको सजायँमा थप ५ वर्ष कैद सजायँ हुन्छ ।
- कसैले कुनै नाबालकसँग अप्राकृतिक यौन मैथुन गरेमा जबर्जस्ती करणी गरे सरह मानेर जबर्जस्ती करणीमा उमेर अनुसार हुने सजायँमा थप १ वर्ष सजायँ हुन्छ । यसका साथै यस्तो अपराधबाट पीडित नाबालकको उमेर र परेको मर्कालाई विचार गरी अदालतले अपराधीबाट क्षतिपूर्ति भराई दिन्छ ।
- आफूलाई मानवरोग प्रतिरोधक क्षमता नष्ट गर्ने जिवाणु (एच.आई.भी. पोजेटिभ) रोग भएको थाहा पाउँदा पाउँदै कसैले जर्वजस्ती करणी गरेको रहेछ भने त्यस्तो कसुरदारलाई सजायँमा थप १ बर्ष कैद सजायँ हुन्छ ।
- श्रीमान्‌ले श्रीमतीलाई जबर्जस्ती करणी गरेमा३ बर्ष देखि ५ बर्ष सम्म कैद सजायँ हुन्छ ।
- जबर्जस्ती करणी गरेको प्रमाणित भएमा करणी गर्ने पुरुषलाई कैद, सजायँ, तथा क्षतिपूर्ति रकम पीडित महिलाले प्राप्त गर्दछन् । कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्ती महिलालाई भएको शारिरीक वा

मानसिक क्षति विचार गरी मनासिब ठहराए बमोजिमको क्षतिपूर्ति कसूरदारबाट भराइ दिनु पर्नेछ । त्यस्तो क्षतिपूर्ति निर्धारण गर्दा कसूरको गाम्भीर्यता, कसूरबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरुलाई पर्न गएको पीडा समेत विचार गरी निर्धारण गर्नु पर्नेछ ।

पिडकवाट क्षतिपूर्ति पाउन नसकेको अवस्थामा क्षतिपूर्ति कोषवाट पाइन्छ र उक्त रकम सम्वन्धित जिल्लाको महिला तथा वालवालिका कार्यालयवाट लिन सकिन्छ ।

- यस्तो मुद्दाको फैसला गर्दा जबर्जस्ती करणी ठहर गरेकोमा सोहि फैसलामा यस महल बमोजिम कसुरदारबाट भराई दिनुपर्ने क्षतिपूर्ति समेत उल्लेख गरी सम्बन्धित महिलालाई भराई दिनु पर्नेछ । क्षतिपूर्ति भराउने प्रयोजनका लागि यस अन्तर्गतको मुद्दा दायर भए लगत्तै अदालतले आरोपित व्यक्तिको अंश लगायतका अन्य सम्पत्ति रोक्का राख्नु पर्नेछ ।
- अदलको महलको ५ नं. मा निम्न पदिय दायित्व भएका व्यक्तिले जवरजस्ती करणीको अपराध गरेमा ३ वर्ष देखि ५ वर्ष कैद वा अन्य कानून अनुसार पनि सँजाय हुने रहेछ भने सो सँजाय समेत थप हुनेछ ।
- कैद वा थुनामा रहेकी कुनै महिलालाई सरकारी कर्मचारीले करणी गरेमा वा करणी गर्न अरु कसैलाई संयोग पारी, मिलाई दिई करणी गराएमा ।
- चिकित्सा सेवा उपलब्ध गराउने चिकित्सक वा स्वास्थ्यकर्मीले

त्यस्तो सेवा प्राप्त गर्न आएकी कुनै महिलालाई सो सेवा उपलब्ध गराउँदा वा गराउने स्थानमा करणी गरेमा,

- आफूले संरक्षण दिएकी वा आफ्नो हेरविचारमा रहेकी कुनै महिलालाई त्यसरी संरक्षण दिने वा हेरविचार गर्ने व्यक्तिले करणी गरेमा,
- होस ठेगानमा नरहेकी वा शारिरीक वा मानसिक रोग लागी उपचार वा पुर्नस्थापना गर्न राखिएकी कुनै महिलालाई त्यस्तो उपचार वा पुर्नस्थापना गर्ने संस्थाका पदाधिकारी वा कर्मचारीले करणी गरेमा,

**मतियारलाई पनि सजायँको व्यवस्था :–**

- जबर्जस्ती करणी गर्ने कुरा थाहा पाई हूल गरी जाने, समाउने र सो काममा मद्दत दिनेलाई जनही तीन वर्ष कैद सजायँ र पीडित १६ वर्षमुनीको रहेछ भने दोब्बर सजायँ हुन्छ ।

**आफ्नो हाडनाताभित्र करणी गरेमा के हुन्छ ?**

आफ्नो हाडनाताभित्र आमाको करणी गर्नेलाइ जन्म कैद, एकै वावु वा आमावाट जन्मेका दिदि बहिनी वा आफुले जन्माएको छोरीलाई करणी गर्नेलाई दश बर्ष सम्म कैद तथा अन्य नातामा नाता अनुसार को सजायको व्यवस्था छ ।

**जबर्जस्ती करणी गर्ने व्यक्तिलाई पीडित महिलाले मारेमा के हुन्छ ?**

यदि कुनै पनि महिलाले आफु माथी जबर्जस्ती करणी हुने सम्मको ठूलो डर त्रास परि करणी नहुदै वा उसै वखत आफ्नो सोडवलपुग्न नसक्नेमा करणी लिइ सकेपछि सोही कुराको रिस थाम्न नसकी तत्कालै करणी लिएकै ठाउमा वा लखेट्दै गइ निज करणी गर्ने मान्छेलाई मारेमा निज महिलालाई सजायँ हुँदैन ।

**अदालती कार्यवाही सम्बन्धमा कानूनले विशेष व्यवस्था गरेकोछ :–**

**(क) यौन सम्बन्धी अपराधमा बन्द इजलासको व्यवस्था :–**

यौनसँग सम्बन्धित अपराधको मुद्दाको सुनुवाईमा मुद्दासँग सम्बन्धित कानून व्यवसायी, अभियुक्त, पीडित र निजको संरक्षक, अड्डाले अनुमति दिएको प्रहरी र अदालतका सम्बन्धित कर्मचारीमात्र मुद्दाको कारवाही भइरहेको इजलासमा उपस्थित हुन सक्दछन् ।

**(ख) पीडितको बयानमा विशेष व्यवस्था :–**

जबर्जस्ती करणी मुद्दामा पीडितको बयान गराउँदा महिला कर्मचारी नभएमा समाजसेवी महिलाको रोहवरमा अन्य कर्मचारीले बयान गराउनु पर्दछ ।

**जबर्जस्ती करणीमा कहाँ उजुरी गर्नुपर्दछ ?**

यदि कसैलाई जबर्जस्ती करणी (बलात्कार) भएमा जबर्जस्ती करणी हुनासाथ वा भएको थाहा पाउनासाथ तुरुन्तै नजिकैको

प्रहरी चौकीमा लिखित वा मौखिक उजुरी थाहा पाउने जो सुकैले पनि गर्न सक्छ ।।

**जबर्जस्ती करणीमा कहिले उजुरी गर्नुपर्दछ ? (हदम्याद)**

सकेसम्म तुरुन्तै उजुरी गर्नुपर्दछ, नभएमा जबर्जस्ती करणी भएको ६ महिना भित्रमा उजुरी दिइसक्नु पर्दछ, नत्रभने उजुरी लाग्दैन ।

**जबर्जस्ती करणीमा कसले उजुरी गर्न सक्दछ ?**

जबर्जस्ती करणीमा पीडित आफैंले वा पीडितको परिवार, आफन्त वा जोसुकैले उजुरी दिन सक्दछ ।

**जबर्जस्ती करणी भएमा तुरुन्तै के गर्नु पर्दछ ?**

- बलात्कार हुँदा लगाएको लुगा, कट्टु र यौन अंग नधुने, धोएमा प्रमाणहरु नष्ट हुन्छन् । उक्त कपडाहरु खोलेर सुरक्षित राख्ने ।
- तुरुन्तै नजिकको प्रहरी चौकी, महिला तथा बालबालिका सेवा केन्द्रमा गएर लिखित वा मौखिक जाहेरी दरखास्त दिने ।
- प्रहरीलाई लिएर तुरुन्तै डाक्टरी परीक्षणका निम्ति अस्पताल जाने, जबर्जस्ती करणी हुँदा लगाएका कपडा समेत जाँच गराउने, बलात्कारमा डाक्टरी रिपोर्ट महत्वपूर्ण हुन्छ ।

**जबर्जस्तीवाट वच्नका लागी के-कस्ता सावधानीहरु अपनाउनु पर्दछ ?**

- अति घनिष्ठ पुरुषसँगको मैत्री सम्बन्धबाट होशियार रहनुहोस् ।
- आफ्नो व्यक्तिगत विवरण जस्तैः नाम, ठेगाना, फोन नं समाजिक संजाल मार्फत नखोल्नुहोस ।

- अपरिचित व्यक्तिहरुसंग आफ्नो व्यक्तिगत विवरण दिएर अनावश्यक कुरा नगर्नु होस् ।
- अन्धकारमय क्षेत्रमा हिंड्दा होशियार भई हिंड्नोस्, सकेसम्म एक्लै नहिंड्नोस् ।
- जोसुकैले दिएको खानेकुरा नखानोस् वा पेय पदार्थ नपिउनोस् र उपहार नलिनोस् ।
- पुरुष साथीले घुम्न जाऊँ भन्दैमा जतातते एक्लै घुम्न नजानोस् ।
- आफु कहि जादा वा वाहिर घुम्न जादा परिवारलाई जानकारी दिएर मात्र जानुहोस् ।
- शिक्षकहरुलाई तथा अन्य ब्यक्तिलाई पनि शरीरका अंगहरु छुन समाउन नदिनुहोस् ।

**यो पनि थाहा पाइराख्नोस्:**

- धेरैजसो बालबालिका र किशोर किशोरीहरुमाथि यौन शोषण गर्ने व्यक्ति प्रायः आफ्नै नजिक सम्बन्धका व्यक्तिहरु हुने गर्छन् ।
- आफूमाथि कसैले यौन शोषण गरिरहेको छ भने त्यो कुरा लुकाउनु हुँदैन । आफ्नो विश्वासका साथी अथवा अभिभावकलाई भनिहाल्नु पर्दछ ।
- कसैले बलात्कार गर्न लागेमा कराएर, हल्ला गरेर अरुको ध्यान आकर्षण गरिहाल्नु पर्दछ ।
- बलात्कारबाट पीडित महिलालाई पूनर्स्थापनागर्न, बलात्कारीलाई सजायँ दिन र पिडीतलाइ न्याय दिलाउन सहयोग गरौं ।



# यौनजन्य दुर्व्यवहार

कुनै महिलालाई उनको मंजुरीबिना निजको संवेदनशील अङ्ग छुन, जिस्काउन, वा अश्लिल शब्द, संकेत प्रयोग, करणीको आशयले समातेमा यौनजन्य दुर्व्यवहार गरेको मानिन्छ । यस्तो कार्य कुनै महिलालाई गर्नु हुँदैन । यदि कसैले त्यस्तो कार्य गरेमा सजायको भागीदार हुन्छ ।

**कसैले कुनै महिलाको मञ्जूरी बिनाः**

- महिलाको सम्वेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा,
- महिलाको भित्री पोशाक खोलेमा वा खोल्ने प्रयास गरेमा,
- महिलालाई कुनै एकान्त ठाउँमा लगेमा,
- आफ्नो यौनसम्बन्धी अङ्ग महिलालाई छुन, समाउन लगाएमा वा अश्लिल शब्द, संकेत प्रयोग गरेमा वा चित्र, तस्वीर देखाएमा,

- यौनका आशयले जिस्काई वा हैरानी गरी अन्य कुनै किसिमले अस्वभाविक अवान्च्छित अमर्यादित व्यवहार गरी करणीका आशयले समातेमा यौन दुर्व्यवहार गरेको मानिनेछ ।

**उजुरी लाग्ने निकाय**

यौन दुर्व्यवहारको उजुरी जिल्ला अदालतमा दिनु पर्दछ ।

**हदम्याद**

घटना भएका मितिले ३५ दिनभित्र नालिस दिनुपर्दछ ।

**सजाय**

त्यस्तो कसूर गर्ने व्यक्तिलाई एक वर्षसम्म कैद र १०,००० रुपैयाँसम्म जरिवाना हुन्छ ।

**क्षतिपूर्ति**

यौनजन्य दुर्व्यवहार गर्ने व्यक्तिले पीडित व्यक्तिलाई उचित क्षतिपूर्ति समेत भराई दिनुपर्ने कानुनी व्यवस्था रहेको छ ।



# गाली बेइज्जती

कसैले कुनै अपमान गर्ने नियतले निजले देख्ने सुन्ने गरी कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हाउभाव व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा निजको गोपनियतामा दखल दिएमा गाली बेइज्जती गरेको मानिन्छ ।

**उजुरी लाग्ने निकाय**

गाली बेइज्जती भएमा जिल्ला अदालतमा फिराद दिनुपर्दछ ।

**हदम्याद**

यो ऐन अन्तर्गत मुद्दा चलाउनु पर्ने कारण भएमा त्यस्तो कारण परेको मितिले छ महिनाभित्र नालिस दिनुपर्दछ ।

**गाली बेइज्जती वा अपमान गरेमा हुने सजाय**

कसैले कुनै महिलालाई अपमान गर्ने नियतले निजले देख्ने-सुन्ने गरी कुनै कुरा भनेमा वा कुनै किसिमको शब्द वा हावभाव व्यक्त गरेमा वा कुनै वस्तु देखाएमा वा निजको गोपनियतामा दखल दिएमा एकसय रुपैयाँदेखि पाँच सय रुपैयाँसम्म जरिवाना हुनेछ र छ महिनासम्म कैदको सजाय पनि हुनेछ ।



# बोक्सीको आरोप

सामाजिक कुरीति तथा अन्धविश्वासको आधारमा कुनै पनि व्यक्तिले आफुलाई मन नपरेको व्यक्तिलाई रीसइबी साध्न बोक्सा र बोक्सीको आरोप लगाउन हुँदैन लगाएमा दण्डको भागिदार हुन्छ ।

**बोक्सीको आरोप (सम्बन्धी कसुर गरेको मानिने )**

क) कसैले कसैलाई बोक्सो वा बोक्सीको आरोप लगाउने, वा

ख) बोक्सीको आरोपमा गाली वेइज्यती गर्ने ।

ग) बोक्सीको आरोप लागेको ब्यक्तिको परिवारको कुनै सदस्य प्रति अपमानजनक ब्यवहार गर्ने

घ) त्यस्तो आरोपमा निजलाई बसोबास गरेको ठाउँबाट निकाला गर्ने,

ङ) बोक्सीको आरोपमा सामाजिक वहिष्कार गर्ने,

च) धाँमीी,झाँक्री,टुनामुना,तन्त्रमन्त्र,झारफुक वा यस्तैअन्य कुनै माध्यमद्वारा बोक्सीको आरोप लगाउने ।

छ) बोक्सीको आरोपमा कुनै ब्यक्तिलाई कुटपिट गर्ने खोप्ने, डाम्ने, पोल्ने वा रासायनिक, विषालु वा जैविक पदार्थ प्रयोग गरी वा अन्य कुनै किसिमले यातना दिने मलमुत्र खुवाउने, चारपाटा मुड्ने, नग्न पारी वा नपारी कुनै ठाउँमा घुमाउने वा कुनै किसिमको क्रुर अमानवीय वा अपमानजनक ब्यवहार गर्ने,

ज) बोक्सिको आरोपमा अंगभंग गर्ने,

झ) बोक्सिको आरोपमा कसैको सम्पत्ति तोडफोड, हिनामिना वा हानी नोक्सानी गर्ने,

ञ) खण्ड)(क) देखी (छ)सम्मको कुनै कार्य गर्न उधोग गर्ने,त्यस्तो कार्य गर्न कसैलाई दुरुत्साहन दिने वा सो कार्य गर्न मद्धत गर्ने ।

**उजुरी गर्ने निकाय**

बोक्सीको आरोप सम्बन्धि कसुरको सुचना : कुनै ठाउँमा बोक्सीको आरोप सम्बन्धी कसुर भएको,भैरहेको वा हुन लागेको थाहापाउने जुनसुकै ब्यक्तिले पनि सो सम्बन्धी विवरण खुलाई यथासक्य छिटो सो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सुचना नजिकको सम्बन्धीत प्रहरी कार्यलयमा दिनु पर्नेछ ।

यस ऐन अन्तर्गतको मुद्धा सरकार वादी हुन्छ । छुट्टै कानुन ब्यवसायी राख्न सक्ने : पिडितले चाहेमा बोक्सीको आरोप सम्बन्धी कसुरसंग सम्बन्धित मुद्धाको प्रतिरक्षा गर्न छुट्टै कानुन ब्यवसायी राख्न सक्नेछ ।

**अन्तरिम संरक्षणात्मक आदेश जारी गर्न सक्ने :**

अदालतले यस ऐन बमोजिम मुद्धाको कारवाहीको क्रममा पिडितलाई तत्काल संरक्षण दिन आवश्यक देखेमा मुद्धाको अन्तिम निर्णय नभएसम्मको लागि पीडकको नाममा देहाय बमोजिम गर्न आदेश जारी गर्न सक्नेछ ।

(क) पिडितलाई निज बसी आएको घरमा बसोबास गर्न दिन,खान लाउन दिन,कुटपिट नगर्न तथा शिष्ट र सभ्य व्यवहार गर्न,

(ख) पीडितलाई शारीरिक वा मानसिक चोट पुगेको भएमा उचित उपचार गराउन वा उपचारको लागी उपयुक्त रकम दिन,

(ग) गाली बेईज्जत गर्ने, धम्की दिन वा असभ्य व्यवहार गर्ने काम नगर्न वा नगराउन,

(घ) पीडित बसेको ठाउँ,बाटोघाटो वा कार्यलयमा गई कुनै किसिमको सन्चार माध्यमद्वारा वा अन्य कुनै प्रकारले दुःख दिने वा सताउने कार्य नगर्न,

(ङ) पीडितको हित र सुरक्षाको निमित्त अन्य आवस्यक र उपयुक्त कार्य गर्न वा गराउन,

**बन्द ईजलासबाट सुनुवाई हुने :**

पीडितले माग गरेमा यस ऐन बमोजिम कसुर मानिने मुद्धाको सुनुवाई बन्द ईजलास गरिनेछ ।

**हदम्याद**

बोक्सो वा बोक्सीको आरोप लगाएको वा सो सम्बन्धी कसुरमा भए गरेको मितिले ((नब्बे)दिनभित्र उजुरी दिनु पर्दछ ।

**सजाय**

बोक्सीको आरोप सम्बन्धी कसुर गर्ने ब्यक्तिलाई कसुरको मात्रा हेरी पाँच बर्षदेखी ८ बर्ष कैद र पचास हजार देखी एक लाख रुपैया सम्म जरिवाना समेत हुन सक्ने कानुनी प्रबधान छ ।

**Supported by a grant from**

KIOS

THE FINNISH NGO FOUNDATION FOR HUMAN RIGHTS

**यो हेल्पलाइनले जागीर तथा आर्थिक सहयोग गर्दैन ।**